पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : १५ २०६७ कार्तिक १९ गते शुक्रबार (Nov. 5, 2010) मूल्य रू. ५/-

## निर्वाचन आयोगले घुडाँ टेक्यो

काठमाडौं / निर्वाचन आयोगले आफैंले लिएको अडानलाई अन्तिम समयमा आएर फेर्न बाध्य भएको छ। नागरीकता प्रमाणपत्रका आधारमा मात्र मतदाता नामावली संकलन गर्न अडान लिएको निर्वाचन आयोगले मधेशवादीदल र पूर्वमा रहेका केही संगठनको विरोधका कारण आफ्नो अडान परिवर्तन गर्न बाध्य भएको हो। आयोगले नागरीकता प्रमाणपत्रको आधारमा मात्र फोटो सहितको मतदाता प्रमाणपत्र संकलन गर्न थालेपछि उ विवादमा तानिएको थियो।

मधेशवादी दलहरूले नागरिकताको आधारमा मात्र मतदाता नामावली संकलन गर्दा तराईका हजारौं जनता फोटो सहितको मतदाता प्रमाण पत्र बनाउन छुट्ने बताउँदै त्यसको विरोध गरेर तराईका केही जिल्लाहरूमा मतदाता नामावली संकलन गर्न अवरुद्ध गरेका थिए। अहिले आयोगले अब नागरिकता विनापनि अन्य प्रमाणपत्रका आधारमा फोटो सहितको मतदाता नामावली (बाँकी अन्तिम पेजमा)

# सुभाष नेम्वाङ राष्ट्रघाती ?

काठमाडौं / संविधानसभा संसद्



कोरम नै नपुगी सञ्चालन गर्ने र पार्टीहरूलाई संसदीय पद्धति अनुसार पक्ष वा विपक्षमा बस्न निर्देशन गर्न नसक्ने सभाध्यक्ष सुभाष नेम्वाङ राष्ट्रघाती रुपमा प्रस्तुत भएका छन्। विश्लेषकहरूका अनसा/ sfil; र एमालेका लोकतान्त्रिक धारका नेताहरूको कुरै नसुन्ने सभामुख सुभाष नेम्वाङ माओवादीको सबै निर्देशन आज्ञाकारी भएर मानेको देख्ने यि निष्पक्ष र स्वतन्त्र सभामुख होइनन्। एमाले आवरणका माओवादी झलनाथ-वामदेव जस्तै सभामुख आवरणका माओवादी हुन्।

चुनावका बेलामा जिल्ला छिन नसकेका नेम्वाङलाई माओावदीले सुरक्षा दिएर जिल्लामात्र पुऱ्याएनन् चुनावसमेत जितादिएका थिए। भोली भोली हुने चुनावलाई दृष्टिगत गरेर एमाले नेता नेम्वाङले आफ्नै पार्टीलाई, पार्टी नेतृत्वको सरकारलाई धोका दिएर माओवादीको पक्षपोषण गरिरहेका छन्। उनले स्वतन्त्र भूमिका निर्वाह गन सकेका छैनन्।

राजनीतिक विश्लेषकहरूका अनुसार उनी आफैं प्रधानमन्त्री बन्न चाहन्छन्। यसका लागि प्रधानमन्त्रीका उम्मेदवार रामचन्द्र पौडेललाई दिन दिनै हराएर थोत्रो पार्न र राजनीतिक सहमति बन्न नदिएर के गर्ने के गर्ने भन्ने स्थिति सिर्जना गर्नु जरुरी छ। यही उद्देश्य पूर्ति गर्न ६०१ को संसद्मा गणपुरक संख्या कोरम नपुगे पनि उनी संसद् चलाइरहेका छन् र रामचन्द्रलाई हराइ रहेका छन्। उपहासपूर्ण रुपमा संसद् चलाउने कानूनची सुवास नेम्बाङ दलहरूलाई निर्देशन दिएर आफ्नो कतिव्य निर्वाह गरिरहेका छैनन्। उनी भन्दा राष्ट्रघाती, शान्ति र संविधान विरोधी अरु को हुन सक्छ।

## शिविरका लडाकूहरु अपराधिक कार्यमा

काठमाडौं / एकीकृत नेकपा माओवादीका पूर्व लडाकूहरू शिविरमै रहेर पनि विभिन्न अपराधिक क्रियाकलापमा संलग्न भएका समाचारहरू प्रकाशित हुँदा समेत अनमिन आँखा चिम्लिएर बस्नुले कतै उसको एकीकृत माओवादीसँग ठूलो साँठगाँठ त छैन भन्ने आशंका जन्मिएको छ। विभिन्न राजनैतिक दलहरूले अनमिनले उसलाई तोकिदिएको अधिकारको सदुपयोग गर्न नसकेको आरोप लगाइरहेको बेला फोनबाट धम्क्याएर पैसा असुल उपर गर्ने गिरीहमा माओवादीका लडाकू सेक्सन कामाण्डरसहित तीन जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक समेत गरेको छ। पक्राउ पर्नेहरूमा प्रताप स्मृति ब्रिगेड जुटपानी चितवनका फर्मेसन विभागका सेक्सन कमाण्डर शेरबहादुर चौधरी, आफूलाई राष्ट्रिय मुक्तिमोर्चाको अध्यक्ष बताउने धादिङ जीवनपुरका राजेन्द्र विसुन्के र सदस्य किशोर विसुन्के रहेका छन्। (बाँकी अन्तिम पेजमा)

## हमाल, मानन्धर, गुरुङ र विष्टले जनतामाथि घात गरे

अभियान संवाददाता

काठमाडौं / भारतीय लगानीमा नेपालमा स्थापना भएका उद्योगहरूले नेपाली कानून र नियमलाई उल्लंघन गर्दै नेपालमा उत्पादन गर्ने गरेका कतिपय वस्तुहरू गुणस्तरहीन भेटिए पनि सरकारी कर्मचारीहरूको कमजोरीको फाइदा उठाउँदै त्यस्ता उद्योगहरूले नेपाली जनताको स्वास्थ्यमा खेलवाड गर्दा समेत सरकार भने मौन रहनु सरकारको जनताप्रतिको हेलचेक्राँइ बाहेक अन्य केही हुन सक्दैन। त्यसैक्रममा डाबर नेपालको उत्पादन रियल जुसमा पाइएको लेदोमा अखाद्य पदार्थ भेटिएको छ। रियलभित्रको लेदोलाई एभीन्यूजलगायतको कतिपय टेलिभिजनहरूले प्रत्यक्ष प्रसारण गरेपछि भारतीय दूतावासले त्यसको खण्डन गरेर आफ्नो कुट्नैतिक मर्यादा नै उल्लंघन गर्न पुग्यो। पेयपदार्थमा लेदो र अखाद्य पदार्थ भेटिएको हुनाले त्यस्तो कम्पनीलाई कारबाही गरिपाउँ भनि उपभोक्ता मञ्च काठमाडौंले खाद्य तथा गुणनियन्त्रण विभागमा कारबाहीका लागि निवेदन समेत दिएको छ। खाद्य तथा गुणनियन्त्रण विभागले निर्णय नै नगरी नेपाली जनतालाई प्रभावित पार्नका लागि सिने क्षेत्रका केही कलाकारलगायत खेलाडी र व्यापरीलाई समेत प्रभावमा लिएर उद्योगले रियल जुस राम्रो छ तपाईंहरू पनि पिउनुहोस भनि प्रचारप्रसार गरेर केही पैसाका भोका व्यक्ति मार्फत् नेपाली जनताको स्वास्थ्यमाथि खेलावाड गरेको छ।

सिने क्षेत्रका कलाकार राजेश हमाल, करिश्मा मानन्धर, खेलाडी दिपक विष्ट र व्यापारी भाटभटेनी सुपरमार्केटका प्रबन्धनिर्देशक मीनबहादुर गुरुङलाई प्रभावमा पारेर उक्त जुसको प्रचार गरिएको छ। नेपाली छापा माध्यमलगायत विद्युतीय माध्यमहरूले समेत अखाद्य पदार्थले भरिएको प्रत्यक्ष प्रसार गरेपनि उक्त उद्योगमाथि कारबाही (बाँकी अन्तिम पेजमा)

## प्रचण्ड बेइजिङ पुगेर म्याँउ

अभियान संवाददाता

काठमाडौं / ५ दिने चीन भ्रमण गरेर कात्तिक ९ गते फर्केका एमाओवादीका अध्यक्ष प्रचण्डको भ्रमण अझै चर्चामा छ। प्रचण्डले चीनसँग गोप्य वर्ता गरेर के सहमति गरे भन्ने विषय नखुले पनि प्रचण्डले नेपाल, भारत र चीनबीच त्रीदेशीय रणनीतिक समझदारी आवश्यक छ भन्ने भनाई नै विश्लेषणको विषय बनेको छ।
चीनका व्यापारीको २६ लाख नेता कालीबहादुर खामले लुटेको र नेता कृष्णबहादुर महराले सभाषद् किन्न ५० करोड मागेको विषयले प्रचण्ड-चीन



सम्बन्ध कुनै असर गरेको देखिएन। तर (बाँकी अन्तिम पेजमा)

## कार्यदल भूमिगत गिरोह बन्यो

काठमाडौं / संविधासभाले गठन गरेका ११ मध्येका ८ समितिमा सहमति बन्न नसकेका २३० प्रश्नहरूमा राजनीतिक सहमति खोज्न प्रचण्डको अध्यक्षतामा गठन गरिएको उच्च स्तरीय कार्यदल बैठकहरू मै हल्लिरहेको छ। विशेष मुद्दाहरूमा सहमति बन्न नसकेपछि संवैधानिक समिति भन्दा शक्तिशाली मानिएको कार्यदल भूमिगत गिरोहमा परिणत हुन पुगेको टिप्पणी कांग्रेसका नेता लक्ष्मण घिमिरेको रहेको छ। घिमिरे भन्छन् माओवादीहरू स्पष्ट र इमान्दार छैनन्, भ्रम र भुलभुलैमात्र पार्न खोज्छन् अनि कसरी सहमति हुन्छ ? (बाँकी अन्तिम पेजमा)

## प्रचण्डले दिल्लीलाई गुहारे

काठमाडौं / चीन भ्रमणबाट कात्तिक ९ गते फर्किएका प्रचण्डले १० गतेदेखि दिल्ली भ्रमण गर्न खोजे पनि उनको कुनै पनि प्रयासलाई दिल्लीले महत्व दिएको छैन। यसैबीच करण सिंह नेपाल आएर फर्किसके, राजदूत राकेश सुदले प्रचण्डको प्रयासबारे दिल्लीमा रिपोर्ट पनि गरिसकेक, तै पनि दिल्लीले प्रचण्डलाई बोलाएको छैन। यसबारे के थाहा हुन्छ भने चीनले प्रचण्डलाई भारतसँग विश्वासिलो बनेर अघि बढ्न निर्देशन दिएको छ।

शायद यही कारणले प्रचण्ड दिल्लीको निम्तो चाहन्छन्। सिमाना सिमानामा पुगेर भारतको व्यापक विरोध (बाँकी अन्तिम पेजमा)

## न्यायपरिषदको अध्यक्ष प्रधानन्यायाधिस नै हुनुपर्ने

काठमाडौं /एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको अध्यक्षतामा गठन भएको उच्चस्तरीय कार्यदलले संवैधानिक परिषद्को अध्यक्ष कार्यकारी प्रमुखले गर्ने सहमति गरेरपनि कार्यकारी प्रमुख प्रधानमन्त्री हुने कि राष्ट्रपति हुने भन्ने कुरामा सहमति गर्न भन्ने सकेको छैन। एकीकृत नेकपा माओवादीले प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने राष्ट्रपति नै कार्यकारी प्रमुख हुनुपर्ने अडान राखेको छ भने नेपाली कांग्रेसले संसदबाट चुनिने प्रधामन्त्री नै कार्यकारी प्रमुख हुनुपर्ने माग गरेको छ। नेकपा एमालेले भने प्रत्यक्ष चुनावबाट चुनिने प्रधानमन्त्री कार्यकारी प्रमुख हुनुपर्ने अडान लिएको छ। यसरी संसदमा रहेका तीन ठूला दल आ-आफ्नै अडानमा रहेका बेला उच्चस्तरीय कार्यदलले सर्वोच्च अदालतका प्रधानन्यायाधीश लगायत अन्य न्यायाधिसहरूको नियुक्ती बर्खास्ती र कारबाहीका बारेमा कारबाही गर्न न्यायपरिषद् गठन गर्ने र त्यस्को अध्यक्षता सभामुखले गर्ने निर्णय गरेर न्यायालयलाई समेत अप्रत्यक्ष रुपमा संसदको मातहतमा राख्ने प्रयास गरेपछि प्रधानन्यायधिस रामप्रसाद श्रेष्ठले त्यसको विरोध गरेको छन्।

प्रधानन्यायाधिस श्रेष्ठले नयाँ बन्ने संविधानमा न्यायाधिसको नियुक्ती र कारबाही गर्ने निकायको प्रमुख प्रधानन्यायाधिस नै बन्नु पर्ने तर्क अगाडी सारेका छन्। नयाँ बन्ने संविधानमा प्रधानन्यायाधिस लगायत अन्य न्यायाधिसहरूको नियुक्ती छुट्टै संवैधानिक निकायले गर्ने उक्त निकायको प्रमुखमा कार्यकारी प्रमुख रहने विषयमा दलहरूबीच छलफल चलिरहेको बेला प्रधानन्यायाधिस श्रेष्ठबाट अलग धारण अगाडी सारिएको हो। स्वतन्त्र न्यायपालिका र कानूनी शासनका लागि न्यायपरिषदको अध्यक्ष प्रधानन्याधिस नै हुनुपर्दछ। अन्तर्राष्ट्रिय जगतमा समेत न्यायाधीस नियुक्ती र कारबाही गर्ने निकायको प्रमुख प्रधानन्यायाधिश नै रहने प्रचलन रहेको छ। त्यो भन्दा बाहिर गएर न्यायपरिषद् गठन गर्नु नहुने बताएका छन्। जस्तो सुकै स्वरुपको निकाय बनेपनि त्यस्को अध्यक्षता प्रधानन्यायाधिसले नै गर्नु पर्ने (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्भियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# दुर्दशाको जिम्मेवारी कसले लिने ?

संविधानसभाको चुनावपछि जनताको जनचहानाको उपेक्षा गर्दै राजनैतिक दलहरु दलगत स्वार्थमा रमाउन थालेपछि जनतामा एक प्रकारको वितृष्णा उत्पन्न भएको छ । जनताले अपेक्षा गरे अनुसारका कुनै कार्यहरु हुन नसकेपछि जनता अहिले संकटको भूमरीमा रूमलिन बाध्य बनाइएका छन् । जनताले संविधानसभाको चुनावका बेला दुई वर्षे म्याण्डेट दिएर संविधान निमार्ण गर्न संविधानसभामा पठाएका सभासद्हरु दलगत स्वार्थमा लागेर तोकिएको समयसीमा अर्थात् २०६७ साल जेठ १४ गते भित्रमा संविधान निमार्ण गर्न असफल सावित भए । तिनै असफल सावित भएका ब्यक्तिहरुले २०६७ साल जेठ १४ गते मध्यरातमा मृत्यु शैयामा पुगेको संविधानसभाको पदावधि एक वर्ष लम्ब्याएपछि मुलुक थप संकटमा फसेको हो । दुई वर्षसम्म दलहरु आपसी विवाद र एक अर्काप्रति आरोपप्रत्यारोपमा ओर्लिएर केवल भत्ता पचाउने कार्य बाहेक अन्य कुनै कार्यमा अगाडी बढ्न सकेनन् । त्यसरी दलगत स्वार्थ पूरा गर्न कै लागि दलहरु एक अर्कालाई निषेधको राजनीतिमा उत्रिएका हुनाले तोकिएको समयमा संविधान निर्माण हुन नसकेको सत्य वास्तविकतालाई न संविधानसभाका अध्यक्षले नै स्वीकार गरी जनतासँग क्षमा याचना गरे, न त राजनैतिक दलका नेताहरुले, न सभाषदहरुले नै ।

संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङको अकर्मण्यता अहिले प्रष्ट रूपमा देखिएको छ । संविधानसभाको बैठकमा र सार्वजनिक कार्यक्रमहरुमा समेत उनले संविधान निर्माणको कार्य ८० प्रतिशत पूरा भएको डंक पिट्दै हिंडेका थिए, तर वास्तविकता त्यस्तो थिएन । साना मसिना कुराहरुमा सहमति गरेर प्रमुख मुद्दाहरुलाई थाँती राख्दै अगाडि बढेका नेम्वाङको भनाईलाई स्वीकार गर्ने हो भने अहिले एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकाल दाहालको अध्यक्षतामा कार्यदल बनाउनु नै आवश्यक थिएन । सबै कुरामा सहमति भएको भए २० प्रतिशत बाँकी रहेका कार्यहरुको लागि कार्यदलको अवाश्यकता किन पर्‍यो ? यसरी सभाध्यक्ष जस्तो महत्वपूण र जिम्मेवार पदमा बसेका ब्यक्ति नै जनतालाई ढाँट्ने र गुमराहमा पार्न उद्दत रहन्छन् भने अन्यले के गर्लान ? संविधानसभा अन्तर्गत रहेका ११ वटा समिति मध्येका ८ वटा समितिले विवादका कारण आफ्नो प्रारम्भिक प्रतिवेदन संवैधानिक समितिमा पेश गरेका छैनन् । यस्तो अवस्थामा कसरी ८० प्रतिशत संविधान निर्माणको कार्य सम्पन्न भयो ? दाहाल कार्यदलले २ सय २० वटा महत्वपूर्ण मुद्दामा सहमति गर्नु उसको जिम्मेवारी भएपनि आजसम्ममा ५/७ वटामा मात्र सहमति गरेको छ । त्यसमा पनि भिनामसिना कुराहरु नै छन् । यही क्रमले अगाडि बढ्दै जाने हो भने २०६८ साल जेठ १४ गते भित्रमा कुनै हालतमा पनि संविधान निर्माण हुन सक्दैन ।

संविधान निर्माणको महत्वपूर्ण पक्ष हो, सबै राजनीतिक दलहरु एकै ठाउँमा आउनु । दलगत स्वार्थलाई थाँती राखेर राष्ट्रिय स्वार्थ हेरेको खण्डमा जस्तोसुकै ठूला मुद्दाहरु पनि समाधान गर्न सकिन्छ । तर हाम्रा राजनैतिक दलहरुले जनतालाई पहिलादेखि नै भ्रममा राख्दै आएका र फेरी पनि भ्रममा राख्नैका लागि एकले अर्कोलाई आरोप-प्रत्यारोप लागाउने र आफु पानीमाथिको ओभानो बन्न खोज्ने प्रवृत्ति देखाएका हुनाले सही रूपमा समस्याको समाधान हुन नसकेको हो । साच्चीकै भन्ने हो भने २०६२ मा भारतको राजधानी नयाँदिल्लीमा भारतको सहयोग र पूर्ण समर्थनमा भएको १२ बुँदे सहमति नै समस्याको जड हो । जबसम्म त्यो १२ बुँदे सहमतिलाई खारेज गरिंदैन तबसम्म सही रूपमा नेपालका समस्यहरु समाधान हुनसक्ने कुनै गतिलो आधार देखिंदैन । विदेशी भूमिमा गएर विदेशीहरुको इच्छा अनुसार गरिएको सहमतिले नेपाल र नेपाली जनताको समस्याको समाधान गर्दछ भन्नु सूर्यलाई हत्केलाले छोपैं भन्नु सरहमात्र हो । तसर्थ साच्चीकै समस्याको समाधान गर्ने हो भने पहिला १२ बुँदे सहमति खारेज गरिनु उपयुक्त हुनेछ ।

संविधानसभाको चुनावपछि सबै समस्याको समाधान हुन्छ भनेर जनतलाई आश्वासन दिने राजनैतिक दलका नेताहरु अहिले जनताका पक्षमा एक शब्दसम्म बोल्न छाडेका छन् । उनीहरु पार्टीगत स्वार्थ र पार्टीभित्रको आन्तरिक द्वन्दमा फसेका छन् । प्रायः सबै ठूला राजनैतिक दलहरु विभाजनको संघारमा पुगेका छन् । एउटै पार्टीभित्रका नेताहरुमा एकले अर्कोलाई विश्वास गर्न सक्ने वातावरण छैन । यी सबै कारणहरुले गर्दा नेताहरु मुलुकका समस्याहरु समाधान गर्न असक्षम र असफल सावित भएका छन् । आज मुलुक सरकारविहीन अवस्थामा रहेको छ । मुलुकलाई सरकारविहीन अवस्थामा पुर्‍याउने को हो ? त्यसको जिम्मेवारी कसले लिने ? त्यस्ता महत्वपूर्ण मुद्दाहरुमा पार्टीका शीर्ष नेता भनाउँदाहरुले कहिल्यै ध्यान दिन सकेका छैनन । केवल उनीहरु प्रधानमन्त्रीको कुर्सीमा मात्र आँखा गाडेर बसेका हुनाले अब नेपाली जनता नै एक जुट भएर नेपाल र नेपालीको अस्तित्व रक्षाका लागि उठ्नै पर्ने बेला भएको हामीले महसूस गरेका छौं । यदी बेलैमा जनताले नसोच्ने हो भने मुलुक सिक्किमीकरणको बाटोमा अग्रसर हुने भएकाले हामी सबै सतर्क रहन अपिल गर्दछौं ।

# समस्याका कारक दलहरु नै

**देबेन्द्र चुडाल**

आन्तरिक द्वन्द्व दलहरुको आरोप प्रत्यारोप सोह्रौं पटकसम्ममा पनि प्रधानमन्त्री चुन्न व्यवस्थापिका(संसद् असफल सावित भएपछि सबै राजनीतिक दलहरू आपसी विवादमा फसेका छन् । संविधानसभामा उपस्थित भएका २४ दलहरू मध्येका तीन दल विभाजित भएर अहिले संविधानसभामा दलहरूको उपस्थिति २७ पुगेको छ । मधेशी जनअधिकार फोरम विभाजन भएर मधेशी जनअधिकार फोरम नेपाल र मधेशी जनअधिकार फोरम लोकतान्त्रिक भएपछि अहिले फेरि तिनै दलहरू विभाजनको सँघारमा पुगेका छन् । एकीकृत नेकपा माओवादीले आफ्ना अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउनका लागि दलहरूलाई विभाजन गराउने खेलमा सक्रिय भएकै कारण नेकपा माले र अर्को एक दल विभाजन भए पनि माओवादी दाहाललाई प्रधानमन्त्री बनाउन असफल भएपछि उसले सातपटकको प्रधानमन्त्रीको चुवावदेखि प्रधानमन्त्रीको दौडबाट बाहिरिएर अर्को बखेडा शुरु गरेको छ । खेलको नियमानुसार खेल शुरु भएपछि आफूले जित्न नसक्ने अवस्था सिर्जना भएपछि बीचैमा खेल छाडेर खेलको नियम नै परिवर्तन गराउन खोज्नु अधिनायकवादी प्रवृत्तिबाहेक अन्य केही हुन सक्दैन । एकीकृत नेकपा माओवादी ठूलो पार्टी भएको नाताले आफूले सरकारको नेतृत्व गर्न पाउनुपर्दछ भनिरहेको छ । तर, उसले पहिला पाएको अवसरलाई सदुपयोग गर्न सकेन । नौ महिनासम्म सत्ताको बागडोर हातमा लिंदा उसले शान्ति, संविधान र पूर्वलडाकूहरूको व्यवस्थापन र समायोजनका बारेमा एक शब्दसम्म उच्चारण नगरेर केवल सत्ताको दुरुपयोग गर्दै सत्तामा सहभागी भएकै दलहरूको विश्वास जित्नसमेत असफल सावित भएर बाध्य भएर राजीनामा दिएको थियो । अहिले आएर फेरि त्यही पार्टीले सत्ताको नेतृत्व खोज्नु भनेको माओवादीको सत्तालिप्साको अर्को राम्रो नमूना हो ।

संविधानसभालाई २०६७ साल जेठ १४ गतेभित्रमा नयाँ संविधान निर्माण गरी लागू गर्ने म्याण्डेट दिइएको भए पनि आफूले पाएको म्याण्डेट पूरा गर्न संविधानसभा असफल भएपछि स्वतः संविधानसभा विघटन गरी ताजा जनादेशका लागि जनतामा जानुपर्ने विश्वव्यापी सिद्धान्तलाई खिल्ली उडाउँदै मध्यरातमा आफ्नो आयु आफैं थप्नु नै समस्याको जड थियो । जनताले दिएको म्याण्डेटभित्र कसका कारणले गर्दा संविधान निर्माण हुन सकेन भनेर जनतालाई कुनै जानकारी नै दिइएन, उल्टो तीन ठूला दलका केही शीर्षनेताहरू अँध्यारो कोठामा बसेर भूमिगत शैलीमा संविधानसभाको पदावधि लम्ब्याउने कार्य भयो । संविधानसभाले तोकिएको समयावधिभित्रमा संविधान निर्माण गर्न नसक्नुका कारणहरूका बारेमा संविधानसभामा कुनै छलफल र बहसै नचलाई हैकमी पारामा संविधानसभाको पदावधि थपिनुले संविधानसभासमेत एकप्रकारले भूमिगत नै भएको छ । संविधानसभामा उपस्थित भएका २७ सै दलका प्रतिनिधिहरूलाई राखेर छलफल र बहस चलाएर समस्याको निकास खोज्नुपर्नेमा तीन दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीका शीर्षनेताहरू मात्र बसेर उनीहरूले गरेका निर्णयहरू अन्य दलहरूलाई स्वीकार गर्न लगाउनु कहाँको प्रजातान्त्रिक अभ्यास हो । प्रजातान्त्रिक व्यवस्थामा सबैको समान अधिकार हुन्छ, सबै दलहरूको भोटिङ्ग गराएपछि मात्र कुनै पनि निर्णय पारित हुन्छ । यहाँ भने ठूला दलको घमण्डले फुलेका तीन दलहरूको तानाशाही प्रवृत्तिलाई स्वीकार गर्न अन्य साना दलहरू बाध्य भएका छन् । मानौं, ठूला दलहरूलाई मात्र मतदाताले भोट दिएर पठाएका हुन् । साना दललाई भोट दिने जनता जनता नै होइनन् भन्ने व्यवहार ठूला दलले देखाएका हुनाले यो स्वतः प्रजातान्त्रिक पद्दति, प्रजातान्त्रिक आचरण विपरीत रहेको हुनाले अविलम्व ठूला दलहरूले आफ्नो आचरणमा सुधार गरी सबै दललाई समान व्यवहार अपनाउनु प्रजातान्त्रिक अभ्यास हो ।

माधवकुमार नेपालको नेतृत्वमा गठन भएको सरकारले राजीनामा दिएको चार महिना पुगिसक्दा पनि नयाँ सरकार गठन हुन नसक्नु ठूला दलहरूका लागि लाजमर्दो विषय हो । माधवकुमार नेपाल नेतृत्वको सरकारलाई सबै समस्याको बाधक देख्ने एकीकृत नेकपा माओवादी र माधव नेपालकै पार्टीका अध्यक्षलगायतका केही नेताहरूले अहिले जनतालाई भनिदिनु पर्‍यो, माधव नेपालले राजीनामा दिएको दुई(चार घण्टामै सहमतिको सरकार बन्दछ भन्ने तपाईंहरूको भनाई अहिले कहाँ गयो ? किन चार महिनाभित्रमा सहमतिको त कुरै छाडौं, बहुमतको सरकारसमेत बन्न सकेन ? तपाईंहरूकै कारण आज आमजनता पिल्सिरहेका छन् । मुलुकलाई बजेटबिहीन, सरकारबिहीन अवस्थामा पुर्‍याएर तपाईंहरूले कसको सेवा गरिरहनुभएको छ ? फेरि पनि तपाईंहरूलाई जनताको कुरा उठाउन लाज किन लाग्दैन ? के तपाईंहरूले माधव नेपाल नेतृत्वको सरकारको राजीनामा माग्दा तपाईंहरू भाङ्ग खाएर बहुलाउनुभएको थियो ? तपाईंहरूकै कारण जनताले अनावश्यक दुःख पाइरहेका छन् । महँगी, अभाव र शान्ति(सुरक्षाको बढ्दो अभावले गर्दा जनता पीडित भए पनि राज्यकोषको दुरुपयोग गर्दै तपाईंहरू मोजमस्ती गरिरहनुभएको छ । तोकिएको समयमा संविधान दिन नसक्ने, एउटा प्रधानमन्त्री चुन्न नसक्ने, बजेट ल्याउन नसक्ने, जनताको जीऊ(धनको सुरक्षा गर्न नसक्ने तीन ठूला दलका शीर्षनेताहरूलाई धिक्कार छ ।

माधवकुमार नेपाल नेतृत्वको सरकारले राजीनामा दिएपछि नेपाल नेतृत्वको सरकार असनको छाडा साँढेजस्तो भएको छ । यो सरकार कसैप्रति उत्तरदायी छैन । आफूलाई अप्ठ्यारो परेको अवस्थामा हामी त कामचलाऊ सरकार भनेर पन्छिने गरेको छ भने कतिपय महत्वपूर्ण निर्णयहरू गरेर पार्टीगत स्वार्थ पूरा गर्नसमेत नेपाल सरकार पछि परेको छैन । यस्तो छाडा अवस्थालाई टुलुटुलु हेरेर दलहरूले आ(आफ्नो स्वार्थ पूरा गरिरहे पनि जनता भने पीडित बनेका छन् । जनताका समस्याका बारेमा आवाज उठाउने कुनै पार्टी छैनन्, नेता छैनन् । यस्तो विकराल परिस्थितिको सिर्जना यिनै दलहरूले गरेका हुनाले मुलुकको संकटपूर्ण अवस्थाको जिम्मेवारी पनि यिनै तीन दलका शीर्षनेताहरूले स्वीकार गरी तीनै दलका सबै शीर्षनेताहरूले अविलम्व आ(आफ्नो पदबाट राजीनामा दिएर तल्लो तहका नेताहरूलाई पार्टीको नेतृत्व सुम्पिएको खण्डमा जनतामा नयाँ आशा पलाउन सक्ने थियो कि ? जनतालाई चुनाव जित्ने भर्‍याङ्गमात्र बनाएर तिनै जनताको नाममा ठगी खाने र विदेश भ्रमणको स्वाद चाख्ने नेताहरूलाई अब जनताले सवक सिकाउनै पर्दछ । उनीहरूलाई जनताको कठ्घरामा उभ्याएर उनीहरूले हालसम्म जनताका लागि के(के गरे भनेर जनताले खोज्ने बेला आइसकेको हुनाले अब त्यसमा विलम्व गर्नु उचित हुँदैन ।

संविधानसभाले आफ्नो कार्य आफैं गर्न असफल भएपछि विभिन्नप्रकारका नाटक मञ्चन गरेर कहिले समिति, कहिले आयोग त कहिले कार्यदल बनाउँदै हिंडे पनि हात लाग्यो शून्य भए पनि अहिले फेरि संविधानसभाबाहिरबाटै माओवादीका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा एउटा गिरोह शैलीको कथित् कार्यदल बनाइएको छ । उक्त कार्यदलले संविधानसभाका समितिहरूले समाधान गर्न नसकेका विवादहरू समाधान गर्ने भनिएता पनि उक्त कार्यदलसमेत पार्टीगत स्वार्थमा लागेको र पार्टीगत स्वार्थले गर्दा त्यो कार्यदल पनि गफ गर्ने र भत्ता खाने थलोको रुपमा परिणत भएको छ । विश्वका सबै प्रजातान्त्रिक मुलुकहरूमा संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई दिइएको हुन्छ, तर यहाँ भने जनताको नाममा ल्याप्चे प्रतिनिधिहरूलाई संविधानको व्याख्या गर्ने अधिकार दिनुपर्ने बहस र छलफल गराइएको छ । यसरी मुलुकलाई विश्व जगतबाट अलग्याउने खेल भइरहँदासमेत स्वघोषित मानवअधिकारवादीहरू चुप रहनुले कतै डलरको खेल त होइन भन्ने आशंकासमेत उब्जन थालेको छ ।

जे होस्, मुलुकलाई असफल राष्ट्र घोषणा गरेर आ(आफ्ना पार्टीगत स्वार्थ र अधिनायकवादी पद्दति जनतामा लाद्नका लागि माओवादीलगायतका ठूला दलहरू नै सक्रिय भएका हुनाले अब सबै राष्ट्रवादी र नेपाललाई माया गर्ने सबै नेपालीहरू एकजुट भएर नेपाल र नेपाली जनताको अस्तित्व बचाउनका लागि एकपटक सडकमा उत्रनैपर्ने आवश्यकता भएको छ । भोलि मुलुकको अस्तित्व सकिएपछि कराएर(चिच्याएर केही हुनेवाला छैन । जसरी सिक्किमेली जनता आफ्नै देशमा पराई भए, हामी त्यसरी पराई नहोऔं ।

# राजतन्त्र सिध्याउँदा देशै सिद्धिन लाग्यो

**दृष्टिकोण**

**राजन कार्की**

प्रजातन्त्र र राष्ट्रवाद परिपुरक भनेर मान्यता स्थापित गर्ने वीपी बितेपछि केही काल कांग्रेसले यो मान्यता बोक्यो । जब जीपी काल सुरुभयो, वीपीद्वारा स्थापित मान्यताका धरोहरहरू मासिदै गए । राजतन्त्र- प्रजातन्त्रको नम्बरी दुश्मनमा दरियो । दिल्ली सम्झौतापछि प्रजातन्त्रको नाम लोकतन्त्र बन्यो र राजतन्त्र यो राष्ट्रको समस्याको जरो, सामन्तवादको अवशेष हुनपुग्यो । तत्कालीन आठ दल र संविधानसभाको चुनावपछिको २५ राजनीतिक गठबन्धनले लिस्नो बनाएर चुट्नुपर्ने राजा ज्ञानेन्द्र र राजतन्त्र, कुन दर्जाका अपराधी थिए ? अझै स्पष्ट भइसकेको छैन । राजतन्त्रलाई धुस्नु बनाईयो र लोकतन्त्रको टाट्नामा सोत्तर बनाएर हालियो । लोकतन्त्र राजतन्त्रको सोत्तरमा सुतेर उग्राउन थालेको छ । लोकतन्त्रका डोलेहरूले भनेका थिए- शान्ति र प्रगतिको बाधक राजतन्त्र हो । राजतन्त्रको समाप्तिमा प्रगतिको ढोका खुल्छ, शोषणको अन्त्य हुन्छ, समानताको युग सुरु हुन्छ । उज्यालो छेकेर जनतालाई अँध्यारोमा गुम्स्याउने राजतन्त्र नै हो ।

२०६४ साल जेठ १५ गते राजतन्त्र समाप्त भयो । लोकतन्त्र स्थापित हुनपुग्यो । लोकतन्त्रको डुङ्गा खियाउनेहरूले बैतर्णी तारे कि तारेनन् ? विश्व इतिहासकै बर्बर शासनकालमा समेत नदेखिएको बर्बरता राजतन्त्रमाथि बजारेका दलहरूले राजतन्त्रलाई डरलाग्दो राष्ट्रघाती नै हुन् भन्ने छाप जनतामा पार्न खोजेका थिए, प्रमाणित गर्न सकेनन् । राष्ट्रलाई समुद्रको मझधारमा लगेर छाडिदिएका छन्, नेताहरूको यो कस्तो अविवेक हो ? जनता मौन छन्, मनमनै कुनै अमूक आक्रोस बाकेर आन्दोलन गर्न भद्रो हेरेर बसेका छन् ।

राजतन्त्र अपराधी थियो भने अपराधका फेहरिस्त क्रमबद्ध रुपमा किन सार्वजनिक हुन सक्दैनन् ? हिम्मत छ- नेताहरूसँग हामी नेपाली होइनौं भन्ने ? नेपाली हुँ भन्ने हो भने पृथ्वीनारायण शाहलाई विस्तारवादी भन्ने नैतिक अधिकार यिनीहरूभित्र कहाँबाट आयो ? राजतन्त्र फाल्ने राजनीतिक शूरवीरहरू किन राष्ट्रका आशा बन्न सकेनन् ? राजतन्त्रको अपराध भनेको १९६० को प्रेतवादले (उत्तरी भूभागमा सेलाएको मूर्दावाद) औंल्याएको सामन्तयुगको अवशेष हुनुमात्र देखियो । टुका-टुकामा विभाजित भुरेटाकुरे देशहरूलाई एकीकरण गरेर सिंगो नेपालको निर्माण गर्नु राजतन्त्रको राजनीतिक झूठ, फरेब र बिस्तारवाद देखियो । दुई ठूला मुलुकको चेपोमा बसेको राष्ट्रको सार्वभौमिक स्वतन्त्रता र स्वाधीनतालाई अक्षुण्ण राख्नका लागि विदेशी हस्तक्षेपबाट मुक्त राख्ने बलिदान, प्रयास र प्रयत्न ट्याक्टिकल इक्वीलिब्रियममात्र हुनगयो । शाह बंशजहरूले विकासका गोरेटाहरू कोर्नु, उत्तरबाट समुद्र तट र गोलार्धमा फैलने नाका र ढोकाहरू खोल्नु, दक्षिणका आफूजस्तै साना राष्ट्रहरू मिलेर हातेमालो गर्ने सार्कको अवधारणा र प्रजातान्त्रिक आधार स्थापित गर्नु र प्रगतिका पूर्वाधारहरू निर्माण गर्नु, जनता भुलाउने भुलभुलैयामात्र साबित भयो । स्थानीय नेतृत्व, विकेन्द्रीकरण, स्वतन्त्र मुद्रानीति, भूमिसुधार, उत्तर-दक्षिण, पूर्वपश्चिम राजमार्ग, हिमाल-तराई जोड्ने सांस्कृतिक अभियान, कृषि र उद्यमको विकासलगायतका थुप्रै यत्नहरू सबै झूठका खेती, जर्जर सामन्तीयुगको अवशेषलाई कायम राख्ने असफल प्रयत्नमात्रै हुनपुगे । त्यही प्रयत्नको गर्भगृहबाट अहिले जंगलका कुना, पहाड-हिमाल-तराईका कन्दराबाट बैज्ञानिक दर्शन सहितको रातो घाम झुल्क्यो । राजतन्त्रको चिहानबाट उदाएको आधुनिक दर्शनयुक्त घामको ताप किन डाहा छटपटी हुनथालेको छ, नेताहरूलाई चेतना छ ?

यो मुलक नेपाली पुर्षाले साना दु:खले आर्ज्याको मुलुक होइन । राजतन्त्रले जोडेको मुलुक भनेर यसलाई टुक्र्याउन पाइदैन । राजतन्त्रले ०४६ सालमा भूल गरेर दक्षिणाको दास भएन, ०६३ सालमा भूल गऱ्यो र भारतको नागपासमा परेन । त्यो फाउबन्जाराको लेनदेनको पाटो बन्न सकेको भए, विश्वभरि एकाधिपत्य डिङ्ग हाँक्नेको सामरिक सैनिक अखडा बनाउने योजनाका मतियार हुनसकेको भए, राजतन्त्रले क्रिस्चियन र हस्तक्षेपवादको बली चढ्नु पर्ने थिएन शायद । इतिहासमा भूल गर्नेहरूको गति यस्तै हुन्छ । देखियो कम्पोसा, देखियो इराक, देखियो अफगानिस्तान, पढियो शाह अफ इरान । लोकतन्त्रका दाताहरूले नेपालको राजतन्त्र झुण्ड्याउने तुन्द्रुङ्को तर्जुमा गरे, लोकतन्त्रको आवरणमा चम्बलनीति बोकेका भरियाहरूले फाँसी दिनुअघि राजतन्त्रको अन्तिम इच्छा के छ भनेर सम्म सोधेनन् र जनादेशविपरित थपडी बजाएर फाँसी दिए । रोमको कठघरामा को जानुपर्थ्यो, बली चढाइयो कसको ? अनि उत्तरतिरको झोमोलुङ्मा राग गाउनेले इतिहासकालमा पनि यो भूमिमा धेरैपल्ट आक्रमण गरेको भुलेर राजतन्त्रले त्यसको भर गऱ्यो, त्यसको काँध थाप्यो, समदूरीको चीन-पत्ता, मानौं विषपान थियो, राजतन्त्रले पियो । परिणाम राजतन्त्र समाप्त भयो । दक्षिणातिरको छिमेकी कंशका सन्तान थिए, राजतन्त्रले बुझेन, २००७ सालमा दुईचार दिन आश्रय दिएको बदलामा गरेको सन्धिलाई अत्तो थापेर, मोहियानी दावी गरिरहेको छ उसले । धार्मिक युगमा कंशले भगवानलाई 'नही बक्सा', बढी जान्ने हुने राजतन्त्रलाई बाँकी राख्थ्यो ? राजतन्त्रले मान्छे चिनेन, छिमेकी चिनेन, जसलाई काखी च्याप्यो, राजतन्त्रको छातीमा छुरी त्यसैले धस्यो ।

राजा महेन्द्रले २०२६ सालमा उत्तरको हिमालय पर्वतमा दक्षिणाले राखेको चेकपोष्टलाई हटाएर चिढायो । राजा वीरेन्द्रले सोनिया गान्धीको फरियाको सप्को नउचाल्दा, तातो सम्बन्ध चिसो भयो । खुट्टा मलेर बक्सिस खाने राजनीति र कूटनीति सुहाउने नेपालमा राष्ट्रिय स्वाधीनता र स्वाभिमान सँधै आलोचित भएको छ । हलो मासेर फाली बनाउने नेपाली बुद्धीले निरङ्कूशता फाल्ने नाममा राजतन्त्र फालेर राष्ट्रियतालाई साँघुऱ्याएको छ । राजतन्त्र फालियो, हिन्दूधर्म मासियो र लाखौंलाख भारतीयलाई नेपाली बनाइयो । लोकतन्त्रको यो उपहारले लोकतन्त्रलाई भारतको काखमा खेल्ने बच्चा बनाउँदै छ, कसले सोच्ने ?

राजतन्त्रले स्वाभिमानी बन्न खोज्यो, भोटको भोटे चिढियो, विश्वकै ठूलो लोकतन्त्र चिढियो, विश्व मालिक अफगानिस्तानबाट हिमालय अवतरण गऱ्यो । राजतन्त्रले बुझेन- भूमिसुधार भनेको जिसका लाठी, उसका भैंस हो । शक्तिको आधारमा समानता कायम गर्ने अवधारणामा अक्किल लगाउन सकेन । धारा १२७ देखाएर राजतन्त्रलाई सत्ता हातमा लिन उक्साए, फसाए र तिनीहरू सबै मिलेर शूली चढाए । पुनर्जन्ममा विश्वास गर्ने पूर्वीय संस्कारको हाम्रो जीवनपद्धति, राजतन्त्रको आत्मा कतै छ भने उसले स्वयम्भुका आँखाले हेरिरहेको हुनसक्छ, यी परिघटनाहरूमा आँसु चुहाइरहेको हुनसक्छ ।

राजतन्त्र जनइच्छामा चल्छु भन्थ्यो, त्यसैले माफीयोग्य थिएन । राजतन्त्रलाई घिसारेर मृत्युदण्ड दिइयो । इन्साफको यो नजीर, जनता न्यायाधीश बन्ने दिन आयो भने यसको महत्व साबित होला अथवा नेताहरूलाई जसले उपयोग गरिरहेका छन्, तिनको उपयोगिता समाप्त भएपछि यिनीहरूमाथि पनि लागू होला । किनभने पञ्चायतमा मनपरी भयो भनेर बहुदल आयो, बहुदलले पनि नथेगेर राजाको शासनकाल निम्त्याईयो र जनआन्दोलनका माध्यमबाट सत्ता खोसेर, त्यही सत्ताको मुङ्ग्रोले राजतन्त्रको खप्परमा हानियो, राजतन्त्रलाई लिस्नु पारियो र मारियो । राजतन्त्र बली दिएर जनताले कुन बरदान पाए, देखिएको छैन ।

कति आमाले सुत्केरी हुँ भन्न पाएनन्, किरियापुत्रीले किरिया बस्न पाएनन्, बच्चाको आर्तनाद, अवलाको चित्कार कसैले सुनेन । पटक-पटक जिसस क्राइस्टलाई झुण्ड्याईयो । इतिहासका अपराधी, भ्रष्ट र जनघाती कुर्लदै बैधानिक भए । न्याय मरेको देश हो यो । राष्ट्र बन्छ भने राजतन्त्र के हो ? राजतन्त्रको सर्वस्वहरण गरियो । राजतन्त्रका वारिसले कुनै प्रतिवाद गरेनन् र जनताको शान्तिको इच्छा पुरा होस् भनिरहे । राजतन्त्रको चिहान आज पनि खोतलिदैछ, वारिस मौन युद्धमा छन् । सत्यवान मर्दा सावित्रीले बचाएको देश, सावित्री मर्दा कुनै सत्यवानले बचाएको इतिहास छैन । मानौं, राजतन्त्र आधुनिक साबित्री हो ।

चोरलाई चौतारो साधुलाई सुली, बेइमानलाई इन्साफ झूठलाई बिधि, बलात्कारलाई माया अनैतिकलाई निष्ठा, राजनीतिक संस्कार बनिसकेको छ । लोकनेता बन्नका लागि डकैती, भ्रष्टाचार गर्नुपर्छ, कोशी, गण्डकी, महाकाली सन्धि र कालापानी लालकिल्लाबासीलाई सौगात दिनुपर्छ । पशुपतिनाथको शिव लिङ्गमा पिसाव फेर्दा पनि जनता बोल्दैनन्, बुद्धका देशमा बुद्धका आँखाले केही देख्दैन । राजतन्त्र समाप्त पारेर नयाँ राजाहरू जन्मिएका छन् । नेताजति विदेशीका भरिया, जनता हिजो पनि करिया, आज पनि करिया ।

इतिहास साक्षी छ, भक्तपुरमा स्थापित नेताले झ्याली पिटेपछि लहै-लहैमा लागेर छाताको डाँठले घोची-घोची कर्ण हैजुलाई मार्ने हामी नै ह्वौं । कर्ण हैजुलाई किन मारियो ? कुन अपराधमा मारियो ? आजसम्म रहस्य खुलेको छैन । लोकतन्त्रका नायकहरू अपराधी बने । देश मार्नेका लागि आम जनता अथवा पत्रकार, उद्यमी-व्यवसायी मार्नु ठूलो घटना नै होइन । हामीमा विवेकशून्यता छ । विवेक राख्दैनौ हामी । हाम्रो विवेक विदेशतिर बिकेको छ । यस्ता नेताको तस्वीर भित्तामा झुण्ड्याएर हामी प्रशंसाको अगरबत्ती बालिरहेका छौं, यिनीहरूबाटै शान्तिको कामना गरिरहेका छौं ।

भारतवर्षको हिन्दूवाद राजतन्त्रको चरणकमलमा पर्थ्यो, उ बोलेन । वामदेव गौतम टीका थापेर आशीर्वाद लिन्थे, उनी राजतन्त्रको सालिक उखेल्ने भए । हिजो राजतन्त्रको अभिनन्दन कर्ताहरू आलोचक बनेका छन् । राजतन्त्रको पाउमा पुष्पबृष्टि गर्नेहरू गालीबृष्टि गरिरहेका छन् । हिजो दीपावली हुने संस्थाको सराध्ये भयो, हिजो र आज राष्ट्रघाती भाषण गर्नेहरू पचास किलोसम्मका फूलका हार लगाउने भए । बिजुली गारतमा बिजुली बल्दैन, सेनामा सिपाही छैनन्, देशवादी सोल्जरजस्तो देखिदैनन्, 'परेवाको रसले पुरुसत्व आउँछ भन्ने' यस्तो देशमा शान्तिको परेवा मारियो भनेर के चित्त दु:खाउनु ? सम्पन्न देशमा देश निर्माताको पूजा गरिन्छ, गौरव गरिन्छ, विपन्न नेपालमा देश निर्माताको सालिक भत्काइन्छ । हामी लोकतान्त्रिक फाँटमा कहाँनेर छौं ?

राजतन्त्रलाई खुच्चिङ् भन्न सकिन्छ तर लोकतन्त्रमा लोक बलियो हुनुपऱ्यो । लोकतन्त्रका आमाहरू सिक्किमीकरणको परिचयपत्र लिनुपर्ने अवस्था आउन लाग्यो भनिरहेका छन् । यिनले यसो भन्न सुहाउँछ ? त्यस्तो खतरा रोक्नुपर्छ यिनले । राजतन्त्र समाप्त भइसकेपछि राजतन्त्रको गुजीगाँठो समात्न दगुर्ने कि देशविरुद्धका चुनौतीको सामना गर्ने राष्ट्रिय शक्ति निर्माणमा जुट्ने ? राजतन्त्र र तिनका सन्तानहरूको बिरोध गरेर देश बाँच्दैन, लोकतन्त्र संस्थागत पनि हुँदैन, लोकनेताहरूको आवश्यकताको औचित्य पनि साबित हुँदैन । नेताहरूले नायक बन्नुपऱ्यो, विदेशीको नायवी चलाउने होइन । राजनीतिक बर्गले गुलामी गरेर इतिहासमा कलङ्कित हुने रहर नपाल्दा बेस । नेताहरूभित्र उज्यालाका झिल्काहरू छन् भने जनतालाई दिनुपऱ्यो । ज्ञाने चोर देश छोड भन्ने समयले नेटो काटिसक्यो । थुनेको कान खोल, छोपेको आँखा उघार, नेता चोर देश छोड भन्ने नारा लागेको सुनिने छ, देखिने छ । गरिब देशका धनी नेताको यस्तै बेहाल हुनेगर्छ ।

पञ्चायती डाक्टर तुलसी गिरी क्रिश्चियन पास्टर बने, वीर अस्पतालमा चल्न नसकेका डाक्टर रामबरण यादव देशको राष्ट्रपति बने, बन्दुक बिसाएर शान्ति दिन्छु भन्नेहरू भाषणमा बमबर्षक विमानजस्ता नेता बने, नैतिकता मान राख्न नसक्ने सभाध्यक्ष बने, दुई ठाउँमा चुनाव हार्ने व्यक्ति प्रधानमन्त्री बने, ०४७ को संविधानका मस्यौदाकार संविधानसभाको अध्यक्ष बने, गुण्डा मन्त्री हुने देशमा यो पराल खुँदेर धुस्नु बनाउने केटाकेटी राजनीति नभए के हो ? धुस्नुप्रेमीहरू राजतन्त्रलाई मात्र होइन, नैतिकता र विश्वास, राजनीति र आस्था सबै खुँदेर धुस्नु बनाइरहेका छन् । धेरै अघि भूपि शेरचनले लेखेका थिए- घुम्ने मेचमाथि अन्धो मान्छे । त्यो कविताको प्रभाव कति दूरगामी र गहिरो रहेछ, अहिले देखिदैछ ।

# पेन्सनको दुरुपयोगले जापानीहरूमा निराशा बढेको सङ्केत

– सुभेन्द्रिनी काकुची

छोराले बिरामी वृद्ध बाबुको हेरचाह गर्नुपर्ने हो तर ती वृद्धको मृत्यु भएपछि छोराले बाबुको लास आफ्नै बगैंचामा गाडे। छोराले कानुन मुताबिक बाबुको मृत्युको घटनालाई सरकारी निकायमा दर्ता समेत गराएनन्। यसको बदलामा उनले बाबु जिउँदै छन् झैं गरिरहे र ती वृद्ध बाबुले प्राप्त गर्ने निवृत्तीभरण लिइरहे।

यो समाचार जापानको सार्वजनिक टेलिभिजनले अगष्टमा प्रसारण गरेको थियो। टेलिभिजनले ती ३९ वर्षे छोरालाई सरकारी अधिकारीले गिरफ्तार गरेको समाचार समेत दिएको थियो। यो विषयले धेरै जापानीलाई मर्माहत मात्र बनाएको थिएन त्योभन्दा बढी छोराको बाबुप्रतिको विद्वेषको चरम अवस्थाले सबैलाई तर्साएको थियो। यो घटना केही हप्ताकै अवधिमा भएको यो दोस्रो हो।

जुलाईमा प्रसारित एउटा समाचारले जापानी समाजलाई त्यस्तै स्थितिमा पुऱ्याएको थियो। टोकियाका एकजना सबैभन्दा बढी उमेरका व्यक्तिको धेरैवर्षअघि मृत्यु हुँदासमेत त्यहाँका अधिकारी बेखबर थिए। अधिकारीहरूले उनको १११ औं जन्मदिनका अवसरमा बधाई दिन उनको ढोका ढक्ढक्याए र भित्र पसे तर त्यहाँ उनको कङ्काल मात्र थियो। उनकी श्रीमतीको सन् २००४ मा मृत्यु भए पनि हाल ८१ वर्ष पुगेकी उनकी छोरीले निवृत्तीभरण बुझ्दै आएकी थिइन्।

अहिले यी समाचारलाई लिएर जापानिमा ठूलो छलङ्गलको विषय हुने गरेको छ। सम्भावित अपराधीका साथै लापरवाहीपूर्ण रेकर्ड राख्ने कर्मचारीतन्त्र वा बुढ्यौलीले छोएका आमाबुबाको हेरचाह नगर्ने स्वार्थी छोराछोरीप्रति सबैले औंला ठड्याउन थालेका छन्।

तर साइतामा विश्वविद्यालयका समाजशास्त्री इत्सुको तेरुओका विद्यमान छलङ्गलले महत्वपूर्ण बुँदातर्फ नजरअन्दाज गरेको बताउँछिन्: कुनै बखत जापानको लोभलाग्दो परम्परा जापानको बढ्दो गरिबी दरका कारण समाप्त हुने अवस्थामा आएको छ।

"सबैका निम्ति रोजगारी, धान्न सकिने स्वास्थ्य सेवा र शिक्षाका आधारमा समान र सुरक्षित समाज रहेको जापानका ती उम्दा दिनहरू अब गए," उनी भन्छिन्। "र जापानको सबैभन्दा कमजोर पक्ष नै यी परिस्थितिमा परिवर्तन ल्याउन नसक्नु भएको छ।"

अन्य समाजशास्त्री पनि उनको भनाईमा सहमति जनाउँछन्। उनीहरू भन्छन् बयष्क छोराछोरीले आफ्ना मृत बाबुआमाको निवृत्तीभरण लिने पछिल्ला घटनाहरूले जापानका कतिपय गरिब परिवार कति निराश छन् भनेर देखाएको छ। सोफ्िया विश्वविद्यालयका प्राध्यापक इसिसाबुरो तोचिमोतोको टिप्पणी छः "केही गरिबले पेन्सनको लोभमा आफ्ना बाबुआमाको सम्मानजनक दाहसंस्कार नगरेर जापानमा गरिबीको चरम अवस्थालाई चित्रित गरिरहेको छ।"

जापान सरकारले वार्षिक २० हजार अमेरिकी डलरभन्दा कम आम्दानी हुने मानिसलाई गरिबीको रेखामुनी राखेको छ। जापानको सन् १९९० को आरम्भमा देखिएको आर्थिक मन्दीका कारण धेरै कम्पनीले टाट पल्टिनबाट आफूलाई जोगाउन कर्मचारीलाई चाँडो अवकाश दिने र नयाँ कर्मचारी भर्ना गर्ने नीतिलाई कसिकसाउ गर्न बाध्य भएका थिए। सन् २००७ सम्ममा जापानको गरिबी दर १५.७ प्रतिशत पुगेको थियो। यसको मतलब प्रति ६ जना जापानीमध्ये एकजना गरिब थिए।

समाजशास्त्रीहरू जापानको यो परिस्थितिमा अझै समस्या आउने बताइरहेका छन्। उनीहरूले तीव्ररूपमा बढ्दै गएको बुढ्यौलो उमेरका मानिसको सङ्ख्या र आंशिक रोजगारीले जापानको भविष्य अझ खराब हुने बताइरहेका छन्। जापानको कुल १२ करोड २७ लाख जनसङ्ख्यामध्ये ६५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्याले २३ प्रतिशत स्थान ओगटेको छ। यसले पेन्सन पद्धतिमा ज्यादै ठूलो दबाब सिर्जना गर्दछ। मुलुकमा रहेको ६ करोड ६० लाख श्रमशक्तिको ६० प्रतिशतले आंशिक रोजगारी मात्र पाइरहेका छन्। तीन दशकअघि हुँदै नभएको बेरोजगारी अहिले ५.७ प्रतिशतमा रहेको छ।

"जापानमा कुनै बखत सुरक्षित ठान्ने मध्यमवर्गीयको बोलबाला थियो किनभने यसबखत जीवनपर्यन्तको रोजगारी उपलब्ध हुने कुरामा सुनिश्चितता थियो," तोचिमोतो भन्छन्। "तर आजका तथ्याङ्कले यस पद्धति अन्तर्गत रोजगारी प्राप्त गर्ने कामदारको सङ्ख्या एकतिहाईमा झरेको देखाएको छ।"

जापानमाथि ठूलै राष्ट्रिय ऋणको बोझ रहेको छ। अहिले लगानी गरिएको करिब १० ट्रिलियन डलर वा खुद राष्ट्रिय उत्पादनको २०० प्रतिशतले अर्थतन्त्र सुधारका निम्ति तत्कालीन राहत उपलब्ध गराउने विश्वास लिइएको छ। रोजगारीको सङ्ख्या र ज्याला वृद्धि गर्ने प्रयत्न पनि स-सानो ढङ्गबाट अघि आएका छन्। उदाहरणका लागि, गतवर्ष सरकारी प्रयत्नले १० प्रतिशतको हाराहारी मात्र घण्टे न्यूनतम ज्यालामा वृद्धि भएको थियो र यसबाट प्रतिघण्टाको आठ डलरसम्म पुगेको थियो।

"समाजवादी धारमा उभिएको भए पनि सरकारले गरिबीका निम्ति केही उपाय गर्न खोज्दा यसका हात बाँधिने गर्दछन्," तेरुओका भन्छिन्। जापानले कल्याणकारी कार्यमा राष्ट्रिय बजेटको २४ प्रतिशत खर्च गर्दछ तर यस्तो रकमको अधिकांश हिस्सा सामाजिक लाभ र बृद्धहरूको पेन्सनका निम्ति खर्च हुने गर्दछ। यसैका कारण गरिबीको प्रभाव जापानी युवामा परिरहेको छ।

आज झण्डै ४० प्रतिशत जापानी युवा उच्च शिक्षाका निम्ति प्राप्त हुने केही सहायतामा निर्भर हुन थालेका छन् किनभने उनीहरूका अभिभावकले विश्वविद्यालयको खर्च धान्न सक्ने अवस्था नै छैन। विश्वविद्यालयमा अध्ययन नगरेकाहरूले थोरै ज्याला र आंशिक रोजगारी मात्र पाउँछन्। श्रम तथ्याङ्कले देखाएको छ कि कम्पनीमा काम पाउने विश्वविद्यालयका स्नातकहरूले रोजगारीमा तीन दशक बिताएमा ३० लाख डलर कमाउन सक्छन् जबकि उच्च माध्यमिक शिक्षा प्राप्त गरेकाहरूले त्यसको एकतिहाई मात्र आर्जन गर्न सक्छन्।

यद्यपि, जापानी परम्परा अनुसार कुनै व्यक्ति धनी वा गरिब जे भएपनि आफ्ना वृद्ध बाबुआमालाई छोराछोरीले हेरबिचार गर्नुपर्दछ। कसैका बाबुआमा निकै बिरामी भएमा परिस्थितिले नै छोराछोरीलाई नराम्रो स्थितिमा पुऱ्याउने गर्दछ।

आफ्नो थर बताउन नचाहने ४४ वर्षे हिरोसीले आफ्नी धेरै बिरामी आमालाई स्याहार गर्नकै लागि स्टिल-कपबोर्ड कारखानाको जागिर छाडेका थिए। उनी र उनकी आमा अहिले हरेक महिना आमालाई प्राप्त हुने करिब दुई हजार डलरबाट पालिएका छन्। आफ्नो आम्दानी पनि नहुनु र पुनः रोजगारी पाउने आशा समेत उजाड भएको अनुभव गर्ने हिरोसीलाई आफ्नो भविष्य पनि धेरै सुखद नहुने निश्चित भइसकेको छ। उनी भन्छन्, "आमाको मृत्युपछि जीवन कसरी धान्ने होला भनेर मलाई चिन्ता लागेको छ।"

# भारतले निरङ्कुस कडा कानुन खारेज गर्ने

– रञ्जित देवराज

तनावग्रस्त घोषणा गरिएको क्षेत्रमा नागरिकमाथि गोली चलाउन सक्नेगरी सैनिक अधिकृतलाई अनुमति प्रदान गर्ने कानुनलाई लिएर अहिले भारतमा व्यापक आलोचना भएको छ। खासगरी, भारतको जम्मु काश्मिर राज्यमा महिनौंदेखि चलिरहेको पृथकतावादी सडक प्रदर्शनलाई लिएर गोली हान्ने अधिकार सैनिक अधिकृतलाई दिइएपछि यो विवाद चर्किएको हो।

भारतको औपनिवेशिक कालमा बनाइएको सशस्त्र बल विशेष अधिकार ऐन (एएफ्एसपिए) जम्मु काश्मिरमा मात्र नभई बिद्रोहको चपेटामा परेका अरुणाचल प्रदेश, आसाम, मणिपुर, मेघालय, मिजोरम, नागाल्यान्ड र त्रिपुरामा समेत लागू छ। एएफ्एसपिएको खारेजी गर्ने वा नरम बनाउने कुरालाई सीमा रक्षामा मुख्य भूमिका खेल्नुपर्ने भारतीय सैनिकले विरोध गरिरहेको छ। खासगरी, सेनालाई कठिन परिस्थितिमा प्रहरी र अर्धसैनिकलाई मद्दत गर्न समेत राज्यभित्र खटाइने गरिएको छ।

सेप्टेम्बर १७ का दिन भारतीय सैनिक प्रमुख जनरल भि.के. सिंहले दक्षिणी भारतीय सहर चेन्नाइमा आयोजित नयाँ सिपाहीको पासआउट समारोहमा एएफ्एसपिएको प्रतिरक्षा गर्दै यसलाई "स्वेच्छाचारी प्रयोग नभई कार्यादेशलाई प्रभावकारी बनाउन मात्र" भएको प्रतिक्रिया दिएका थिए। उनले ऐनमा कुनै परिवर्तन गर्नुपरेमा उपयुक्त निर्णय लिने सम्पूर्ण अधिकार सरकारसँग रहेको समेत बताएका थिए। भारतका राजनीतिक दलका माथिल्लो तहका नेताहरूले सेप्टेम्बर २०-२२ मा जम्मु काश्मिरको भ्रमण गर्ने मिति तय गरिसकेका छन् र उनीहरूले यस एएफ्एसपिएलाई समीक्षा गर्ने अपेक्षा पनि गरिएको छ। यही ऐनको सहारा लिएर भएका धेरैवटा हत्या र मानव अधिकार दुर्व्यवहारका घटनाका सम्बन्धमा समेत छानबिन गर्ने सम्भावना रहेको छ।

"लोकतान्त्रिक मुलुक भन्ने भारतले जम्मु काश्मिरमा अझ बढी समयसम्म एएफ्एसपिए जस्तो क्रुर कानुन लगाइरहनु पर्दछ भन्ने केही छैन," अधिकारकर्मी एवम् नागरिक स्वतन्त्रताका निम्ति जनयुनियन (पियुसिएल) की नेत्री कविता श्रीवास्तवले आईपीएसलाई बताइन्।

"पूर्जी बेगर पक्राउ गर्ने, हत्या गर्न गोली चलाउने र सम्पत्ति ध्वस्त पार्ने, कारबाहीबाट आफ्ना कर्मचारीलाई सुरक्षित गर्नेजस्ता एएफ्एसपिएले व्यापकस्तरको शक्ति सेनालाई सुम्पेकाले प्रभावित इलाकाहरूमा वर्षौंदेखि दण्डहीनताको संस्कृति मौलाएको छ," श्रीवास्तवले भनिन्।

सन् १९५८ मा पहिलोपटक उत्तर-पूर्वी क्षेत्रमा प्रयोगमा ल्याइएको एएफ्एसपिएलाई जम्मु काश्मिरमा सन् १९९० मा विस्तार गरिएको थियो। सन् १९९७ मा सर्वोच्च अदालतले तनावग्रस्त घोषित इलाका सम्बन्धी विषयमा प्रत्येक छ महिनामा समीक्षा गर्नेगरी आदेश जारी गरेको थियो तर यो रुलिङलाई सायदै पालना गरिएको छ।

श्रीवास्तव धेरैवटा एएफ्एसपिए विरोधी अभियान सञ्चालन गरिएको र ती अभियानमा ऐनलाई पूर्णतः खारेज गर्न माग गरिएको बताउँछिन्। तर, सरकारले यही ऐनका कारण उत्पन्न भएका जटिलता र दुर्व्यवहारलाई कम गर्न यसका सबैभन्दा खराब प्रावधानलाई तत्काल पुनरावलोकन गर्नेतर्फ सरकार प्रयत्नशील हुनुपर्दछ, उनी भन्छिन्। दुर्व्यवहारसम्बन्धी केही घटनालाई पियुसिएलले समेत सङ्कलन गरेको छ।

## माओवादीको अर्को चाल संविधान संशोधन

काठमाडौं / एनेकपा माओवादीले आफ्नै नेतृत्वमा सरकार बनाउनका लागि संसदमा चालु एउटा प्रक्रिया समाप्त नहुँदै र कुनै पनि राजनीतिक सहमति नगर्दै संविधान संशोधनको प्रस्ताव गरेको छ। संसदमा बहुमतको सरकार बन्न सक्ने स्थिति नभएमा अल्पमतको सरकार बनाउन सकिने र त्यो अवस्थामा संसदको ठूलो दलले सरकार बनाउन सक्ने र उसले ३० दिनभित्र बहुमत सावित गर्नुपर्ने प्रस्ताव माओवादीको छ। यदि यस्तो व्यवस्था संविधानमा संशोधन गरियो भने संसदको ठूलो दलको हैसियतले माओवादीको नेतृत्वमा सरकार बन्ने छ र सरकार बनेपछि किनबेच र शक्ति बाँडफाँड गरेर बहुमत सिद्ध गर्न सकिन्छ भन्ने आत्मविश्वास माओवादीले लिएको देखिन्छ।

एमाले-माओवादीलाई चीनले चमत्कारिक रुपमा मिलाई सकेको र त्यो मिलनलाई वाममोर्चाको रुपमा विकासित गरेर कांग्रेसलाई एक्ल्याउनको लागि माओवादीले संविधान संशोधनको प्रस्ताव गरेको देखिन्छ। तर कांग्रेसले विश्वसनीय प्याकेज डिल नभएसम्म रामचन्द्र पौडेलको उम्मेदावारी फिर्ता नलिने भएपछि संविधान संशोधन भए पनि शान्ति र नयाँ संविधान आकाशकै फल हुने निश्चित छ।

## बजेट रोक्न माओवादी तगारो

काठमाडौं / माओवदी नेता डा.बाबुराम भट्टराईले बजेट ल्याए विरोध गर्छौं, अवरोध गर्दैनौ भन्दै बजेट नीति तथा कार्यक्रम सहित होइन, काम चलाउ बजेट आउनु पर्छ भनेर तगारो तेर्स्याएका छन्। कात्तिक महिनाभित्र बजेट नआए राज्यमा आर्थिक कारोबार ठप्प हुने र थप आर्थिक अराजकता आउने खतरा अर्थविद्हरूले देखाएपछि र बजेट आफ्नै लागि समेत आवश्यक भएपछि माओवदीले काम चलाउन बजेट ल्याउन बाटो खोलिदिन लागेका हुन्। असार मसान्तमा आउनुपर्ने बजेट आउन नसक्दा ५० अर्ब खर्च गर्न पाउने पेश्की बजेट ल्याएर अहिलेसम्मको अत्यावश्यक खर्च सरकारले धानेको हो। बजेट नआउँदा राष्ट्रका विकास निर्माण र अन्य कार्यहरू ठप्प भइसहेका छन्। एडीबी लगायतका दातृ संस्था र निकायले बजेट नल्याए सहयोग रोक्ने चेतावनी दिइसकेका छन्। अमेरिका, युरोपलगायतका राजदूतहरूले पनि बजेट बारे चासो देखाउन थालेका छन्। गाल टार्न र आफ्नो सरकार बनाएर पूर्ण बजेट ल्याउन माओवादीले काम चलाउन बजेटको प्रस्ताव गरेको हो। सरकार पूर्ण बजेट ल्याए बहुमतबाट जवर्जस्ती पास गर्ने मुडमा छ। तर माओवादीसँग सहमति गर भनेर सभाध्यक्ष र एमाले अध्यक्षले समेत टाङ अड्याएपछि सरकार संकटमा फसेको छ।

# बैदेशिक रोजगारीमा स्वास्थ्य परिक्षणको महत्व

**विचार** — **स्थानेश्वर देवकोटा**

नेपालको लागि बैदेशिक रोजगार अवसर र चुनौती दुवै रुपमा रहेको छ। बैदेशिक रोजगारमा जानेहरूबाट प्राप्त विप्रेषणले देशको अर्थतन्त्रमा अहं भूमिका निर्वाह गरेको छ। गरिबीको रेखालाई ४२ प्रतिशतबाट ३१ प्रतिशतमा झार्न मद्दत गरेको छ। यस व्यवसायबाट गत आर्थिक वर्षमा वैद्य माध्यमबाट मात्र १४२ अरबभन्दा बढी रकम औपचारिक माध्यमबाट भित्रिएको छ भने अवैद्य तरिकाबाट भित्रिने अनुपात पनि त्यतिनै छ। तथ्याङ्क अनुसार वैद्य माध्यमबाट मात्र १२ लाखभन्दा बढी युवाशक्ति वैदेशिक रोजगारमा गएका छन् भने अवैद्य मार्गबाट जानेको संख्या यसभन्दा बढी छ। मोटामोटी रुपमा २५ लाख नेपाली युवाशक्ति अरु मुलुकका लागि रगत र पसिना बगाइरहेका छन्।

स्वदेशमा आय-आर्जनका अवसरहरू प्राप्त भए निश्चय नै यो युवाशक्ति स्वदेशमा रहने थिए। आफ्नै मुलुकका लागि रगत र पसिना बगाएर गौरव गर्ने थिए। श्रम शक्ति बाहिरिएकै छ, नेपाली सम्पत्ति पनि बाहिरिएको छ, भिसा शुल्कको रुपमा कमिशनको रुपमा वा अन्य दस्तुरको रुपमा। अवैद्य रुपमा भारत हुँदै जानेहरूले भारतका विभिन्न शहर दिल्ली, कलकत्ता र मुम्बईमा होटल रेष्टुराँमा तिर्ने रकम पनि असीमित छ। महिनौं कुर्नु परेको हुन्छ। यसरी कुर्नु पर्दा आर्थिक नोक्सानी त छँदैछ, अमानवीय व्यवहारको कारण भोग्नु पर्ने शारीरिक र मानसिक पीडाका कथा व्यथा वर्णन गरेर साध्य छैन।

मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा बसाई सर्ने वा कामको खोजीमा घुमफिर गर्ने कार्य बीसौं शताब्दीको देन नभइ मानव सभ्यताको शुरुवातदेखि नै हुँदै आएको हो। संसारको इतिहासलाई हेर्ने हो भने शताब्दियौंदेखि मानिसहरू आफ्नो कामको खोजीमा जाने गरेको पाइन्छ भने नेपालीहरू कामको खोजीमा १८ औं शताब्दिदेखि नै भारत, बर्मा, मलेसिया जाने गरेको पाइन्छ। वि.सं. २०४०/०४१ सालतिर वैदेशिक रोजगारमा जाने संख्या विस्तारै बढ्दै गएकोमा २०५२ सालमा शुरु भएको जनयुद्ध पछि विदेशिने कार्यले तिव्रता प्रदान गरेको देखिन्छ। बढ्दो श्रमशक्ति र घट्दो रोजगारका अवसरले नेपालीलाई 'मरे मरिएला, बाँचे केहि गरौंला विदेश त जानै पर्दछ' भन्ने सोच विकास गराइदिएको देखिन्छ।

वैदेशिक रोजगारबाट प्राप्त उपलब्धि र स्वदेशमा रोजगारको अवसरमा बृद्धि हुन नसकेको कारण यस व्यवसायलाई प्रवर्द्धन गर्दै सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा बैदेशिक रोजगारको अवसरमा बृद्धिहन नसकेको कारण यस व्यवसायलाई प्रवर्द्धन गर्दै सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा बैदेशिक रोजगारमा जाने कामदार र बैदेशकि रोजगार व्यवसायीहरूको हकहितको संरक्षण गर्नका लागि बैदेशिक रोजगार ऐन, २०६४ आएको छ। २०४२ सालको ऐनलाई परिमार्जन गरी ल्याएको यो ऐन र यस ऐन अन्तर्गत नियमावली, २०६४ ले कामदार र व्यवसायीको हितमा धेरै काम गरेको छ भन्नु अत्युक्ति नहोला। कुनै पनि कानून सदा सर्वदा व्यवहारपरक पक्कै हुँदैनन्। सधैं सान्दर्भिक नहुन सक्छन्, कार्यान्वयनको सिलसिलामा परिवर्तनीय प्रसंग हुन सक्छन्। त्यसमा आवश्यकता र औचित्य हेरी परिमार्जन र व्यवहारपरक बनाउँदै लानु पर्ने कुरामा दुईमत नहोला। यस ऐनका धेरै विशेषता छन्, जुन विभिन्न प्रसंगमा एनेका केही यस्ता विशेषताहरू छन्, जसलाई वैदेशिक रोजगारमा जाने सोच आउनसाथ सबैले ध्यान दिनुपर्छ। ती हुन्–

१. खास अवस्थामा बाहेक इजाजत प्रत्रवालाको माध्यमबाट मात्र बैदेशिक रोजगारमा जानुपर्दछ, अन्यथा ठगीको शिकार त हुन्छ नै मानसिक शारीरिक पीडा जीउज्यान जाने प्रवल सम्भावना हुन्छ।

२. वैदेशिक रोजगार विभागबाट अनुमति लिएरमात्र वैदेशिक रोजगारमा जानुपर्दछ, अन्यथा वैदेशिक रोजगार कल्याणकारी कोषबाट आफू र आफ्ना परिवारले पाउने सुविधा र क्षतिपूर्तिबाट बञ्चित हुनु पर्दछ।

३. वैदेशिक रोजगारमा जाने कामदारले स्वदेशको अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र प्रस्थान गर्नुपर्दछ, अन्यथा स्वदेश र विदेशको कानूनले संरक्षण गर्न सक्दैन।

४. वैदेशिक रोजगारमा जाने कामदारले आफ्नो जीवन बीमा गर्ने भुल्नु हुँदैन, अन्यथा दुर्घटना बीमाबाट वञ्चित हुनुपर्दछ। घर खेत बेचेर विदेश गयो, दुर्घटनाबाट मृत्यु भयो वा अपाङ्ग भयो भने घरपरिवारको झन् विचल्ली हुन्छ।

५. वैदेशिक रोजगारीमा जाँदा आफू कुन काममा जाँदैछु अरु सुविधान के के छन् भन्ने कुरा स्पष्ट खुलाई सम्झौता गर्नुपर्दछ। त्यसको १ प्रति लिएर आफूले राखी त्यसको पनि नक्कल वा फोटोकपी घरपरिवारलाई दिनुपर्छ, अन्यथा कामदारको क्षमताभन्दा फरक वा चाहना विपरितको काम कम पारिश्रमिकमा गर्नुपर्ने हुन्छ। सम्झौतामा नगरी जाँदा चोक्टा खान जाँदा झोलमा डुबेर मर्नु पर्ने स्थिति आउनेछ।

६. वैदेशिक रोजगारमा जाने कामदारले स्वीकृति प्राप्त स्वास्थ्य व्यवसायीबाट स्वास्थ्य परीक्षण गराई जानुपर्दछ, स्वास्थ्य सम्बन्धि आफूलाई कुनै समस्या भए लुकाउनु वा छिपाउनु हुँदैन। आफूले सम्झौता गरेको वा गर्न लागेको सम्झौता अनुसार काम गर्न सक्ने क्षमता छ छनै एकीन गरेर मात्र जानुपर्दछ, अन्यथा कामको लागि गएको मुलुकमा गरिने स्वास्थ्य परीक्षणबाट अयोग्य ठहरेमा फिर्ता हुनुपर्दछ। यसबाट हुने आर्थिक नोक्सानी, मानसिक पीडा आदि सहज अनुमान गर्न सकिन्छ।

माथि उल्लेख गरिए अनुसार कामदारले बुझ्नु पर्ने कुराहरू मध्ये स्वास्थ्य परीक्षण एउटा महत्वपूर्ण पक्ष पर्दछ। सर्वप्रथम त 'आफू बाँचे घ्यु खान पाइन्छ' भजेजस्तै विदेश जान आफ्नो स्वास्थ्यले दिन्छ दिंदैन आफैले मूल्यांकन गर्नु आवश्यक छ। कामदारले आफू उपचार गराउन होइन काम गर्न जाँदैछु भन्ने कुरा बिर्सनु हुँदैन। आफ्नो स्वास्थ्य ठीक छ भन्ने आत्मविश्वास पछि वैदेशिक रोजगार ऐन २०६४ को दफा ७२ बमोजिम विदेश जानु अघि नेपाल सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई वैदेशिक रोजगारमा गएको व्यक्तिलाई जानी जानी वा लापरबाही पूर्वक वा बद्नीयतसाथ गलत स्वास्थ्य प्रतिवेदन दिएको कारण स्वदेश फिर्ता हुनु परेमा वैदेशिक रोजगारमा जाँदा र फिर्ता हुँदा लागेको खर्च त्यसरी गलत स्वास्थ्य परीक्षण गर्ने संस्थाले बेहोर्नु पर्नेछ।

स्वास्थ्य परीक्षणबारे कामदार आफैले सचेत र सजग हुनुपर्दछ। नेपाल सरकारबाट स्वीकृतिप्राप्त भन्नाले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट इजाजत पाएको हुनुपर्दछ। अन्य प्रयोजनका लागि वा अन्य निकायबाट इजाजत वा स्वीकृति पाएर मात्र हुँदैन। यसरी इजाजतप्रत्रवाला बाहेक अरु व्यक्ति वा संस्थाले झुक्याएर विदेश पठाएमा कानूनले कुनै सुविधा र क्षतिपूर्ति दिन नसक्ने हुन्छ, त्यस्तै प्रकारले गलत प्रकारले अवैध संस्थाबाट स्वास्थ्य प्रीक्षण गराउँदा क्षतिपूर्ति पाउन सकिंदैन। कानूनी मान्यता नपाई पुनः स्वास्थ्य परक्षण गराउनु पर्दा दोहोरो खर्च बेहोर्नु पर्दछ भने दुःख र कष्ट पाउनु पर्दछ। त्यसैले स्वास्थ्य परीक्षण कुन समयमा गराउन आवश्यक छ दोहोरो गराउनु पर्ने हो होइन एकिन गर्नुपर्दछ। स्वास्थ्य परीषण गराउन जाँदा स्वीकृति प्राप्त हो होइन भनी एकीन गर्नुपर्दछ।

*(लेखक वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्यकारी निर्देशक हुनुहुन्छ।)*

## सशस्त्र समाचार

# दशौं वार्षीक उत्सव सम्पन्न

काठमाडौं। दशौं सशस्त्र प्रहरी दिवस २०६७ को पुनित अवसरमा सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा आयोजित विशेष समारोहमा अमर सशस्त्र प्रहरी लगायत सशस्त्र प्रहरी कर्मचारीहरूले कार्यक्षेत्रमा पुऱ्याएको त्याग, बलिदान, साहस अनि कर्तव्य परायणताको स्मरण गर्नुको साथै वीरगती प्राप्त सशस्त्र प्रहरी कर्मचारीका आफन्त तथा विभिन्न घटनामा परी अंगभंग भएका सशस्त्र प्रहरी कर्मचारीहरूलाई सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले कदर पत्र तथा आर्थिक सहयोग प्रदान गर्नुभयो।

प्रमातकालीन विशेष समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले राज्यले सुम्पिएको जिम्मेवारी निर्वाह गर्ने क्रममा कर्तव्यको बलिवेदीमा प्राणोत्सर्ग गर्ने अमर सशस्त्र प्रहरीको स्मृतिमा रित चढाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो। सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरू किशोर कुमार लामा, कृष्ण बहादुर विष्ट, शैलेन्द्र कुमार श्रेष्ठ, कोषराज वन्त र ठाकुरमोहन श्रेष्ठ लगायत सशस्त्र प्रहरी बलका अधिकृत जवानहरूले पुष्पगुच्छा अर्पण गरी अमर सशस्त्र प्रहरी प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो।

त्यसैअवसरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अवकास प्राप्त महानिरीक्षकहरू तथा सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती रत्ना बस्नेत एवं संघका पदाधिकारीहरू, कृष्णमोहन (नुडुप स्मृति प्रतिष्ठानका पदाधिकारीहरूले पुष्पगुच्छा चढाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।

विशेष समारोहमा कर्तव्य पालनको क्रममा वीरगती प्राप्त गर्नुभएका अमर सशस्त्र प्रहरीको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौनधारण



गरिएको थियो। उक्त विशेष समारोहमा प्रधानमन्त्री माधवकुमार नेपाल, उप (प्रधानमन्त्रीद्वय विजय कुमार गच्छदार र सुजता कोइराला, गृहमन्त्री भीम बहादुर रावल र गृह सचिव डा.गोविन्द प्रसाद कुसुमले दिनु भएको शुभकामना सन्देश बाचन गरिएको थियो। शुभकामना सन्देशमा वहाँहरूबाट नागरिक वीच लोकप्रिय रहेको सशस्त्र प्रहरी बलले देश र देशवासीको सेवा र सुरक्षामा अतुलनीय योगदान पुऱ्याएको तथा सशस्त्र प्रहरी कर्मचारीले देखाएको अदम्य साहस र बहादुरीको प्रसंसा गर्नुको साथै जनताप्रति उत्तरदायी भई शान्ति सुरक्षा कार्यमा संगठन समर्पित रहिरहने विश्वास गरिएको छ।

सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले उक्त विशेष समारोहमा बर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी अधिकृत तथा जवानहरूलाई नगद पुरस्कार तथा प्रसंसा पत्र प्रदान गर्नुभयो। उहाँले यस वर्षको प्रवेशिका परिक्षामा उतिर्ण हुने बहालवाला तथा अवकास प्राप्त सशस्त्र प्रहरी कर्मचारीका सन्ततीहरू मध्ये सर्वोत्कृष्ट अंक ल्याउने २८ जनालाई जनही १५ हजार रुपैयाँ नगद पुरस्कार तथा प्रसंसा पत्र प्रदान गर्नुभयो। उहाँले सशस्त्र प्रहरी बललाई सहयोग पुऱ्याउनु हुने विभिन्न क्षेत्रका व्यक्तित्वहरूलाई कदरपत्र प्रदान गर्नुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतले सोही विशेष समारोहमा सशस्त्र प्रहरी बलका सकल दर्जाका राष्ट्र सेवकहरूलाई शुभकामना सन्देश दिनुभयो। शुभकामना सन्देशमा सशस्त्र प्रहरी महानिरीक्षक बस्नेतले राष्ट्र र राष्ट्रवासीको लागि घामपानी, हुरीवतास नभनी कानूनी परिधिभित्र रही मानव अधिकारको उच्च सम्मान गर्दै राज्यको भरपर्दो सुरक्षा अंगको रुपमा स्थापित सशस्त्र प्रहरी बल निरन्तर रुपले कर्तव्यपथमा कटिबद्ध रहीरहने उल्लेख गर्नुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक बस्नेतले संगठनले मुलुकमा शान्ति सुव्यवस्था अमनचयनदेखि विपद् व्यवस्थापन, विशिष्ट व्यक्ति तथा महत्वपूर्ण प्रतिष्ठानहरूको सुरक्षा, सीमा सुरक्षा, राजस्व भन्सार सुरक्षा जस्ता महत्वपूर्ण कार्यहरू कुशलता पूर्वक सम्पादन गर्दै आएको बताउनुभयो। अवैध कारोबार तथा आपराधिक कार्य नियन्त्रणमा सशस्त्र प्रहरी बलले यथेष्ट कार्य गरेको चर्चा गर्दै सशस्त्र प्रहरी महानिरीक्षक बस्नेतले भन्नुभयो'(सशस्त्र प्रहरी बलका राष्ट्रसेवकहरूले जागिर खाएका छैनन् सेवा गरेका छन्, जनतासँग हातेमालो गर्दै राष्ट्रसेवामा आफुलाई सधैं सर्पित गरेका छन्।' समारोहमा सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीका बहालवाला तथा अवकास प्राप्त उच्च अधिकृतलगायत अमर सशस्त्र प्रहरी कर्मचारीका आफन्तजन एवं समाजका विभिन्न व्यक्तित्वहरूको समेत उपस्थिति रहेको थियो। सशस्त्र प्रहरी कर्मचारीहरूको निर्जीवन दुर्घटना विमा वापतको दुई लाख १५ हजार रुपैयाँ गत वर्षदेखि कल्याणकारी सेवा केन्द्रबाट प्रिमियम शुल्क बुझाउने गरेकोमा यस वर्षबाट सो रकम बढाएर तीन लाख पुऱ्याई कल्याणकारी सेवा केन्द्रद्वारा आज प्रिमियम शुल्क वापतको एक करोड ५३ लाख रुपैयाँको चेक विमा कम्पनीलाई हस्तान्तरण गरिएको छ।

